# मिर्चैया नगरपालिका
# Mirchaiya Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

मिर्चैया, सिरहा
Mirchiya, Siraha
मधेश प्रदेश,नेपाल ।
Madhesh Province,
Nepal

चलानीनंबर/Dispatch No.: | मिति :२०८२/०४/०५

पत्र संख्या २०८२/०८३

विषय :- सूचना प्रकाशन गरिएको वारे ।
पोखरी र वजार ठेक्का सम्वन्धि शिलबन्दि बोलपत्र
**चौथौ पटक सूचना प्रकाशन मिति २०८२/०४/०५**

मिर्चैया नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको सार्वजनिक पोखरी र वजारहरुको शिलवन्दि बोलपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले उक्त ठेक्का लिन चाहने इच्छुक फर्म तथा व्यक्तिहरुले निम्न शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र बोलपत्र खरिद गरि १६ औ दिन दिनको १२ बजेभित्र बोलपत्र दर्ता गर्न सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

पोखरीहरु

| सू.नं. | पोखरीको नाम | ठेगाना | न्यूनतम कवोल अंक | बोलपत्र दस्तुर | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| १. | महेशपुर दहवला वातावरणमैत्री पोखरी नं.२ | १० | ६,२०,४००/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| २. | महेशपुर राजदेवी पोखरी | १० | ६,९६,२००/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| ३ | दहवला पुरानो पोखरी नं.१ | १० | ६,६४,७००/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| ४ | मुसलमान टोलनिरको पोखरी | १२ | ४५,२००/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| ५ | मटीयर्वा डोम्वानिरको पोखरी | ६ | ९,११,२५०/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| ६ | वौली पोखरी | ११ | ५१०००/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| ७ | गदहवा पोखरी सतापुर | ११ | २,९३,०००/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| ८ | मलहनिया नहरनिरको पोखरी | २ | ७२,९००/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| ९ | कंचनपुर गाँउनिरको पोखरी | ११ | २,१८,७००/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| १० | मन्दिरवला पोखरी,रामपुरविर्ता | १ | ४,५२,०००/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| ११ | मिथिलेश्वर गाउँनिरको पोखरी | १० | ७६,५४५/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| १२ | महेशपुर वडा कार्यालयनिरको पोखरी | १० | ३,२८,०००/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| १३ | सलहेश मन्दिर पोखरी रामपुर विर्ता | १ | २,८९,५००/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| १४ | डाकनीथान पोखरी | ११ | ६९,२५५/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |
| १५ | फुलवरिया वजार शिवमन्दिर पोखरी | ७ | ६९,२५५/- | रु.१०००/- | २०८७ असार मशान्तसम्म |

हटिया वजारहरु

| सि.न. | हटिया वजारको नाम | ठेगाना | न्यूनतम कवोल अंक | बोलपत्र दस्तुर | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| १. | वाखा वजार | मिर्चैया न.पा.७ | ५०,२००/- | रु.१०००/- | २०८३ असार मशान्तसम्म |
| २. | राघोपुर वजार | मि.न.पा.३ | ८,८३०/- | रु.१०००/- | २०८३ असार मशान्तसम्म |
| ३. | मलहनिया वजार | मि.न.पा.२ | २५,५१५/- | रु.१०००/- | २०८३ असार मशान्तसम्म |

१.वोलपत्र साथ धरौटी वापत आफुले कवोल गरेको कुल रकमको ५ प्रतिशत र विदेशी भए १० प्रतिशत हुने रकम यस मिर्चैया नगरपालिकाको कार्यालय मिर्चैयाको कोड नं. १६-३६५-२३ एन.आई.सि.एसिया बैंक मिर्चैया,सिरहा स्थित रहेको ६६४१४९८७४८५२४००२ धरौटी खातामा रकम जम्मा गरेको सकलै भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त वैंकले जारी गरेको वोलपत्र जारी गर्ने अन्तिम ९० दिन म्याद भएको बैंक जमानत(विडवण्ड) को सक्कल प्रति र नागरिकता प्रतिलिपि शिलवन्दि वोलपत्र साथ संलान हुनु पर्नेछ ।

२.ठेक्काको न्यूनतम अंकवाट कवोल अंक सुरु हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# मिर्चैया नगरपालिका
# Mirchaiya Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

मिर्चैया, सिरहा
Mirchiya, Siraha
मधेश प्रदेश,नेपाल ।
Madhesh Province,
Nepal


३.ठेक्का अवधि : पोखरीको हकमा २०८२ श्रावण १ गतेदेखी लागु हुनेगरी २०८७ असार मशान्तसम्म र हटिया वजार मिति २०८२ श्रावण १ गतेदेखी लागु हुनेगरी २०८३ असार मशान्तसम्म हुनेछ र पोखरी ठेकाको कवोल गरेको रकम एकमुष्ट रुपमा वुझाउनुपर्नेछ । पोखरीको ठेक्का स्वीकृत भएपछि आफुले कवोल गरेको रकम सम्झौता अगावै एकमुष्ट कार्यालयमा वा नगरपालिकाको नाममा रहेको खाता नं.०६६२०५००२९३८७००२ एन.आई.सि.एसिया मिर्चैया बैंक खातामा रकम दाखिला गरेको सक्लै भौचर र मूल्य अभिवृद्धि कर वापतको रकम वुझाएपछि मात्र चलन पूर्जी दिइनेछ

४.हटिया वजारको हकमा एकमुष्ट रकम वुझाएमा १० प्रतिशत छुट दिनेछ । किस्ता गर्नुपरे नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त गरेको क वर्गको बैंकवाट जारि गरेको वैंक ग्यारेन्टीको सक्कल प्रति वुझाउनुपर्नेछ । पोखरी ठेक्कामा कुनै किसिमको छुट दिइने छैन ।

५.मिति २०८२/०४/०५ गतेदेखि २०८२/०४/१९ गतेभित्र रु.१००० को नगदी रसिद लिई यस न.पा.वाट वोलपत्र खरिद गर्न सकिनेछ र मिति २०८२/०४/२० गतेको १२ वजेसम्म यस न.पा.को राजश्व शाखामा वोलपत्र दर्ता गर्नुपर्नेछ । दर्ता हुन आएका वोलपत्रहरु सोहि दिन दिनको दिउसो २ वजे खोलिनेछ । वोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

६.रित पूर्वक प्राप्त नभएको तथा म्याद नाघि आएको वोलपत्र फारम स्वीकृत गरिने छैन ।

७.यस कार्यालयको वाकि वक्यौता पेश्की तथा वेरुजु भएको व्यक्तिको वोलपत्र समावेश गरिने छैन ।

८.यस सम्वन्धि विस्तृत वुझन चाहेमा मिर्चैया नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

९.ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ ।

१०.सूचनामा उल्लेख नभएमा अन्य कुरा प्रचलित ऐन,नियम अनुसार हुनेछ ।

११.ठेक्कामा लाग्ने सवै किसिमको कर ठेक्केदार वा संस्था स्वमले वुझाउनुपर्नेछ ।

२०८२/४/५

प्रमुख प्रशासकीय अधिकृत

CamScanner